भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आ.व: २०८२/०८३
सूचना नं: ४५

## स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना !

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।११।०१)**

**(दोस्रो पटक सूचना प्रकाशन मिति : २०८२/११/२६)**

आ.व २०८२/०८३ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अन्तर्गत सबै जिल्लामा कम्तीमा २ स्थानीय तह रहने गरी मानव विकास सूचकाङ्कमा पछाडि परेका जम्मा १११ स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम अनुसार भूमे गाउँपालिका, रुकुम पूर्वी (भाग) मा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ११ बमोजिम योग्यता पुगेका संस्थाले सूचना प्रकाशन भएको मितिदेखि ७(सात) दिन भित्र अनुसूची-४ बमोजिमको ढाँचामा तपसिल अनुसारका आवश्यक कागजातहरु र व्यवसायिक कार्ययोजना सहित प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**<u>प्रस्ताव साथ संलग्न हुनुपर्ने विवरण तथा कागजातहरुः</u>**

१. संस्थाको विधान वा उद्देश्य, परिचय, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण,
२. प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
३. प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
४. अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन,
५. प्रस्तावित कार्यक्रममा संस्थाद्वारा गरिने योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
६. कालो सूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्व:घोषणा पत्र,
७. संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागि अनुसूची-५ बमोजिमको ढाँचामा कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आथित्यता क्षेत्र र गैह्र कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरी व्यवसायिक योजना पेश गर्नु पर्नेछ।
८. व्यवसायिक योजना पेश गर्दा तालिम प्रदायक संस्था/स्थानीय तहले दफा १२ मा उल्लेख भएका लक्षित समुदायका महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तिकरण हुने कार्यान्वयन कार्ययोजना समेत संलग्न गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

नोट: राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ यसै सूचना साथ संलग्न गरी पठाइएको छ । साथै www.mowcsc.gov.np मा लग इन गरेर पनि हेर्न सक्नुहुनेछ।

देविलाल वि.क
प्रमुख प्रशासकीय अधिकृत

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत